“सभ्य र समृद्ध तुम्बेवा”

# आर्थिक वर्ष २०७९।०८०

# को

# बजेट वक्तव्य

## तुम्बेवा गाउँपालिका

**मौवा, पाँचथर**

**१ नं. प्रदेश नेपाल।**

**२०७९**


**प्रस्तुत कर्ता**

**खड्ग सुन्दर सम्बाहाम्फे**

उपाध्यक्ष

यस तुम्बेवा गाउँपालिकाको दोस्रो गाउँसभा प्रथम अधिवेशन सभाका सभाध्यक्ष एवम् तुम्बेवा गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, ५ वटै वडाको वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु, पत्रकारज्यूहरु एवम् सम्पूर्ण उपस्थित महानुभावहरुमा मेरो व्यक्तिगत तर्फबाट र तुम्बेवा गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन प्रकट गर्न चाहन्छु । नेपालको संविधान २०७२ को जगमा स्थापित जनप्रतिनिधि मुलक संस्थाको जिम्मेवार पदाधिकारीको रुपमा यहाँ उभिरहँदा अत्यन्तै सौभाग्यशाली ठानेकोछु ।

**सभाध्यक्ष महोदय,**

इतिहासका विभिन्न कालखण्ड, १० बर्षे जनयुद्ध, सशस्त्र संघर्ष, १९ दिने जन आन्दोलन, मधेश आन्दोलन र देश र नागरिक हकहितको लागि विभिन्न न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञातअज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा अपाङगता भएका व्यक्तिहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता नागरिकहरुलाई राज्यले भरपर्दो र विश्वासिलो संयन्त्र गठन गर्दै घटनाको सत्य तथ्य सार्वजनिक गरी क्षतीपूर्ति माग व्यवस्थाको लागि आवश्यक समन्वय गर्दछु । शहिद परिवार, घाइते, अपाङग र बेपत्ता पारिएका परिवाजन प्रति उच्च सहानुभूति तथा सम्मान व्यक्त गर्न चाहन्छु । यसै नेपाली जनताले आफ्नो भाग्य र भविश्यको फैसला स्वयं आफैले नै निर्माण गर्नको लागि विभिन्न समय सशस्त्र तथा शान्तिपूर्ण ढंगले आन्दोलन भइरह्यो र त्यसको महान उपलब्धीको रुपमा अढाइसय भन्दा लामो समयसम्मको सामान्ति केन्द्रीकृत एकात्मक राज्यसत्तालाई विस्तापित गरी बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसााथ गर्दै विविधता विचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र

सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै बर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैगिंक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न नेपाली जनताले इतिहासमै पहिलोपटक संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन प्रणालीका साथ समाजवाद उन्मुख अगाडीबढ्ने लक्ष्य सहितको नेपालको संविधान २०७२ प्राप्त भएर यसरी मुलुकले संघर्षमयपूर्ण ढंगले प्राप्त उपलब्धीका साथ अगाडी बढ्ने क्रममा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राकृतिक विपद् र महामारीले आक्रान्त बनायो । यसै क्रममा देशका विभिन्न क्षेत्रमा मौषमी, बेमौषमी खोला बाढीपहिरो, आगोलागी र कोभिड-१९ को महामारीले हजारौले अकालमा ज्यान गुमाउनु पऱ्यो यस ऐतिहासिक र सम्मानित सभामार्फत मृतकहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु तथा संक्रमित भई उपचाररत सबैलाई शिघ्रस्वास्थ्य लाभको कामना गर्दछु र सबै खाले प्राकृतिक विपत्तिका विरुद्ध अग्रपंङ्तीमा रहेर खटिनुभएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र नागरिकहरु प्रति हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु । यहि माटोमा जन्मिएर हुर्किएर यहि ठाउँको उन्नती र समृद्धिका रुपरेखा कोर्ने यो सुनौलो अवसर प्राप्त गर्दा आफुलाई सौभाग्यशाली ठानेको छु । यो महान अवसर प्रदान गर्नुहुने सम्पूर्ण तुम्बेवाबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा आभार तथा सम्मान व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय,

**“सभ्य र समृद्ध तुम्बेवा”** को नारालाई मूर्तरुप दिन साथै यस तुम्बेवा गाउँपालिकाको समग्र विकास उन्नतीका निम्ति यस आर्थिक बर्ष २०७९/०८० को बजेटका उद्येश्यहरु प्राप्तिका लागि बजेट तथा कार्यक्रमको श्रोतको व्यवस्था सम्बन्धी योजना प्रास्तुत गर्ने अनुमति चाहन्छु ।

# आ. व. २०७९/०८० को अनुमानित आयको विवरण

| सि न | मुख्य आयका शिर्षकहरु | रकम |
|---|---|---|
| १ | आन्तरिक राजस्व | २५ लाख |
| २ | मौज्दात तथा अन्य आय | २ करोड |
| ३ | नेपाल सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण अनुदान | ८ करोड ४८ लाख |
| ४ | नेपाल सरकार बाट प्राप्त हुने सशर्त अनुदान | १७ करोड ४१ लाख |
| ५ | नेपाल सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँड रकम | ६ करोड ९७ लाख २ हजार |
| ६ | प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण अनुदान | ४३ लाख ४९ हजार |
| ७ | प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ६३ लाख ९९ हजार |
| ८ | प्रदेश सरकार बाट प्राप्त हुने समपुरक अनुदान | १ करोड |
| ९ | प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड रकम | २१ लाख ८१ हजार ५८० |
| १० | नेपाल सरकार बाट प्राप्त हुने विशेष अनुदान | ५० लाख |
| | **कुल अनुमानित आय** | **३७ करोड ९० लाख ३१ हजार ५८०** |

## आ व २०७९/०८० को बजेटलाई निम्न बमोजिम खर्चमा विनियोजन गरकोछु ।

| सि न | विवरण | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रशासनिक खर्च | ७ करोड १८ लाख ८३ हजार ५८० | |
| २ | बालबिकास केन्द्रका स का, विद्यालयको कर्मचारी र कार्यालय सहयोगीको सेवा सुविधा यथावत राख्नका लागि रु ८० लाख र महिला स्वंयसेविकालाई मासिक रुपमा रु २५०० का दरले प्रोत्साहन उपलब्ध गराउन रु १० लाख ८० हजार बिनियोजन गरेको छु । | | |
| ३ | आर्थिक बिकास तर्फ | | |
| क | कृषि | ३५ लाख | |
| | कृषि मार्फत आर्थिक समृद्धि हासिल गर्नका लागि कृषि क्षेत्रमा रु ३५ लाख विनियोजन गरेको छु । | | |
| ख | पशुपंक्षि | १५ लाख | |
| | पशुपालनलाई आयमुलक, आधुनिक र व्यवसायिक बनाउनका लागि पशुपंक्षी क्षेत्रतर्फ रु १५ लाख बजेट बिनियोजन गरेको छु । | | |
| ग | सहकारी | ३ लाख | |
| घ | पर्यटन | ५ लाख | |
| | पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक समृद्धि र समुन्नति हासिल गर्नका लागि ओखरबोटे बजारको पहिचानको लागि ओखरको प्रतिमा निर्माणको लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु । | | |

| | | | |
|---|---|---|---|
| ङ | जलस्रोत तथा सिँचाई | ७० लाख | |
| | सिँचाई मार्फत कृषिमा आर्थिक समृद्धिको लागि स्वीजरल्याण्ड सरकार नेपाल सरकार र प्रदेश सरकारको सरकार्यमा गाउँपालिकाको तर्फबाट ६५ लाख गरी सिँचाईको बिकासको लागि कुल ७० लाख विनियोजन गरेको छु । | | |
| ३ | सामाजिक विकास तर्फ | | |
| क | खेलकुद | ४८ लाख | |
| | खेलकुद मार्फत स्वस्थ्य समाज निर्माणको लागि औशि बजारमा कवर्ड हल निर्माणको लागि २० लाख अध्यक्ष कप गा पा स्तरीय ब्याडमिन्टन र फुटबल प्रतियोगिताको लागि १० लाख गरी खेलकुद तर्फ कुल ४८ लाख बिनियोजन गरेको छु । | | |
| ख | लैगिंक समानता तथा समाजिक समावेशीकरण | २४ लाख | |
| | प्रदेश सरकार, करुणा फाउन्डेशन र गाउँपालिकाको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थपना कार्यक्रमको लागि १३ लाख गरी लैगिंक समानता तथा सामाजिक समावेशिकरणको लागि कुल २४ लाख बिनियोजन गरेको छु । | | |
| ग | शिक्षा | ३० लाख | |
| | शिक्षक विद्यार्थी र अविभावकहरुलाई आधारभुत स्तम्भको रुपमा राखी साक्षर नेपाल अभियान, प्रविधिमैत्रि शिक्षण सिकाइको व्यवस्थापन र एकिकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल ३० लाख बिनियोजन गरेको छु । | | |
| घ | स्वास्थ्य | ४० लाख | |

| | | | |
|---|---|---|---|
| | जनस्वास्थ्य समस्याका रुपमा रहेका समस्याहरुलाई समाधान गर्दै स्वस्थ्य समाज निर्माणका लागि स्वास्थ्य क्षेत्रमा रु ४० लाख बजेट बिनियोजन गरेको छु । | | |
| ङ | आयुर्वेद | ७ लाख | |
| | मेरो स्वास्थ्य मेरो जिम्वेवारी भन्ने नारालाई सार्थक तुल्याउन, सर्ने /नसर्ने रोग व्यवस्थापन, नागरिक आरोग्य कार्यक्रम सञ्चालन र योग शिक्षालाई प्रभावकारी बनाउन आयुर्वेद क्षेत्रमा रु ७ लाख बजेट बिनियोजन गरेको छु । | | |
| च | खानेपानी तथा सरसफाई | १२ लाख | |
| | मुहान र पानीको स्रोतको पहिचान र संरक्षण गर्दै प्रत्येक नागरिकहरुको घर घर मा स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी तथा सरसफाई क्षेत्रमा रु १२ लाख बजेट बिनियोजन गरेको छु । | | |
| छ | धर्म,भाषा तथा सस्कृति | ११ लाख | |
| | स्थानीय धर्म कला भाषा सस्कृतिको जगेर्ना गर्न र प्रवर्द्धन गरी समतामुलक समाज निर्माण गर्नको लागि धर्म,भाषा तथा सस्कृति क्षेत्र तर्फ रु ११ लाख बजेट बिनियोजन गरेको छु । | | |
| ४ | पुर्वाधार विकास तर्फ | ४ करोड ७ लाख ९३ हजार | |
| | गाउँपालिका प्रशासकीय भवन , वडा न २ को वडा भवन निर्माण कार्यलाई निरन्तरता दिइएको छ । पालिका कार्यालयबाट प्रत्येक वडा कार्यालयसम्म जोड्ने सडक स्तरउन्नति लगायत पुर्वाधार विकास लागि रु ४ करोड ७ लाख ९३ हजार बजेट बिनियोजन गरेको छु । | | |
| ५ | वातावरण तथा विपद व्यवस्थापन तर्फ | ३० लाख | |

| | | | |
|---|---|---|---|
| | प्राकृतिक तथा अप्राकृतिक रुपमा हुने विपद जोखिमको क्षति व्यवस्थापन गर्नका लागि रु ३० लाख बजेट बिनियोजन गरेको छु । | | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह | | |
| क | न्यायिक समिति | ५ लाख | |
| | न्याय सेवालाई चुस्त दुरुस्त, प्रभावकारी र निष्पक्ष न्याय सम्पादन गर्न न्यायिक समिति व्यवस्थापनका लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु । | | |
| ७ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १३ लाख ५६ हजार | |
| | गाउँपालिकाका काम कारवाहीका बारेमा सामाजिक सञ्जाल, अनलाइन पोर्टल, स्थानीय सञ्चार माध्यम, पत्रपत्रिका र सुचना पाटी मार्फत सुचित गराई सार्वजनिक सेवामा सुशासन चुस्त र दुरुस्त सार्वजनिक प्रशासन निर्माण गर्नका लागि सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा रु १३ लाख ५६ हजार बजेट बिनियोजन गरेको छु । | | |
| ८ | सशर्त अनुदान संघीय सरकार कार्यक्रम | १७ करोड ४१ लाख | |
| ९ | विशेष अनुदान कार्यक्रम | ५० लाख | |
| १० | सशर्त अनुदान प्रदेश सरकार कार्यक्रम | ६३ लाख ९९ हजार | |
| ११ | वडागत विभाजन | २ करोड ५० लाख | |
| | प्रत्येक वडाको लागि ५० लाख | | |
| १२ | समपुरक अनुदान | १ करोड | |

| | | | |
|---|---|---|---|
| **१३** | **गाउँपालिका समपुरक अनुदान** | **३० लाख** | |
| | **तुम्वेवा रिङरोड निर्माण तथा स्तरउन्नतिको लागि गाउँपालिकाको तर्फबाट समपुरक बजेट अन्तर्गत रु ३० लाख बिनियोजन गरेको छु ।** | | |
| **१४** | **मेशिनरी औजार सवारी साधन र फर्निचर फिक्चर्स** | **६० लाख** | |
| | **गाउँपालिकाको भौगोलिक जोखिमता लाई मध्यनजर गर्दै बर्षेनी हुने पहिरो जोखिमको व्यय न्युनिकरण गर्न जेसिभि खरिदमा ६० लाख बजेट विनियोजन गरेको छू ।** | | |
| **कुल व्यय** | | **३७ करोड ९० लाख ३१ हजार ५८०** | |

सभाध्यक्ष महोदय,

श्रोत साधनको उपलब्धताले मात्र अपेक्षित प्रतिफलको सुनिश्चितता गर्दैन भन्ने वास्तविकतालाई मनन् गर्दै उपलब्ध श्रोतको अधिकतम प्रयोग र परिचालन गर्न हामी सबै एकजुट भएर अघि बढ्नु पर्ने आवश्यकता रहेको छ । प्रस्तुत बजेट तर्जुमामा मार्गनिर्देशन गर्नुहुने अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभा सदस्यज्युहरु, राजनितिक दल, बुद्धिजीवि, सरेकारवालाहरु तथा आवश्यक सहयोग, समन्वय गर्नुहुने राष्टसेवक कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने संघीय सरकार, प्रदेश सरकार, आम नागरिक, सेवाग्राही र यस क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ॥